# 'नेपाली कविताकाव्य (नेपा.शि. ४२३)' विषयको पाठ्क्रममा समाविष्ट फुटकर कविताहरूमा छन्द प्रयोग

*बासुदेव ढुङ्गेल*[1]

[1] **कपन बहुमुखी क्याम्पस, काठमाडौँ, नेपाल**; https://orcid.org/0009-0000-6968-4453

Corresponding email: basudevdhungel@gmail.com

**लेखसार**

**कपन बहुमुखरी क्याम्पस, काठमाडौँ, नेपाल**

*त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तह द्वितीय वर्षको ऐच्छिक नेपाली 'नेपाली कविताकाव्य (नेपा.शि. ४२३)' बिषयको पाठ्क्रममा समाविष्ट फुटकर कविताहरूमा छन्द प्रयोग शीर्षकको यो आलेख निर्दिष्ट पाठ्यक्रममा समावेश गरिएका चार ओटा कविताहरूमा मात्र केन्द्रित छ । यसमा लेखनाथ पौड्यालको 'गौँथलीको चिरिबिरी', लक्ष्मी प्रसाद देवकोटाको 'यात्री', सिद्धिचरण श्रेष्ठको 'ओखलढुङ्गा' र माधवप्रसाद घिमिरेको 'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' शीर्षकका कविताहरू समावेश गरिएका छन् । विशेषतः यो लेख उपर्युल्लिखित चार ओटा कवितामा प्रयुक्त छन्दहरूको विश्लेषण कार्यमा मात्र परिसीमित छ । अध्ययनको परिसीमाभित्र सीमाङ्कित चार ओटा कवितामा प्रयोग भएका पाँच ओटा (शिखरिणी, चौबोला, द्विपदी, पादाकुलक र झ्याउरे) छन्दलाई आचार्य पिङ्गलकृत शास्त्रीय छन्द र प्रसिद्ध नेपाली लोक छन्द (झ्याउरे लय) को सैद्धान्तिक पर्याधारमा आधारित रहेर विश्लेषण गर्नु यस लेखको उद्देश्य हो । अध्ययनको उद्देश्यमा केन्द्रित रही परिसीमाभित्र परिसीमित कविताहरूमा लयात्मकता सिर्जना गर्न सम्बन्धित स्रष्टाहरूले अवलम्बन गरेका छन्द-लयहरूको अध्ययन गर्दा लेखनाथ पौढ्यालको 'गौँथलीको चिरिबिरी' कवितामा शास्त्रीय छन्दको वृत्ति भेद अन्तर्गत पर्ने 'शिखरिणी' छन्दको प्रयोग भएको देखिन्छ । लक्ष्मी प्रसाद देवकोटाको 'यात्री' कवितामा पिङ्गलकृत छन्दशास्त्रको नियममानुसार जातिभेदअन्तर्गत पर्ने 'चौबोला' र 'द्विपदी' नामक मात्रिक छन्दको प्रयोग भएको पाइएको छ । सिद्धिचरण श्रेष्ठको 'ओखलढुङ्गा' कवितामा पनि जातिभेदअन्तर्गत पर्ने 'पादाकुलक' छन्दको प्रयोग भएको पाइन्छ । माधवप्रसाद घिमिरेको 'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' कवितामा प्रसिद्ध नेपाली लोकभाका (*

*लय)मा आधारित झ्याउरे छन्दको प्रयोग गरिएको छ । यस लेखको लागि आधारको रूपमा लिइएको पाठ्यक्रममा जम्मा तेह्र ओटा एकाइहरू रहेका छन् । जसको एकाइ दुई र तीनमा रहेका जम्मा २२ ओटा फुटकर (लघु) कविताहरूमध्ये जम्मा चार ओटा कविताहरू मात्र छन्दोबद्ध छन् भने बाँकी अठार ओटा कविताहरू मुक्तछन्द (गद्य शैली) का रहेका छन् । 'नेपाली कविताकाव्य' बिषयको पाठ्यक्रमभित्र यति थोरै मात्रामा छन्दोबद्ध कविता समावेश गरिनु भनेको नेपाली कविताको विकासक्रममा छन्दोबद्ध कविताको योगदान र स्थान प्रति उति ध्यान नपुगेको भन्ने यस लेखको निष्कर्ष रहेको छ ।*

**शब्द कुञ्जी :** *पाउ, पाठ्यक्रम, भाका, लय, श्लोक*

## परिचय

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तह द्वितीय वर्षको ऐच्छिक नेपाली 'नेपाली कविताकाव्य (नेपा.शि. ४२३)' बिषयको पाठ्क्रममा समाविष्ट फुटकर कविताहरूमा छन्द प्रयोग शीर्षकको यो आलेख निर्दिष्ट पाठ्यक्रममा समावेश गरिएका चार ओटा कविताहरूमा मात्र केन्द्रित छ। यो पाठ्यक्रम जम्मा तेह्र वटा पूर्ण खण्डको संयोजनमा निर्मित छ। जसमा लघु कविता, हाइकु, गजल, बालगीत, बालकविता, लामा कविता, खण्डकाव्य र महाकाव्य समाविष्ट छन् । यी पाठ्यवस्तुहरू कविताको मझौला र बृहत् स्वरूप अन्तर्गत पर्दछन्। यस पाठ्यक्रमको एकाइ एकदेखि एकाइ तीनसम्म जम्मा २२ वटा लघु आयामका कविताहरू समाविष्ट छन्। जसमध्ये एकाइ दुईमा सात वटा कविताहरू समावेश गरिएका छन् । ती कविताहरूमध्ये लेखनाथ पौड्यालको 'गौँथलीको चिरिबिरी', लक्ष्मी प्रसाद देवकोटाको 'यात्री', सिद्धिचरण श्रेष्ठको 'ओखलढुङ्गा' र माधवप्रसाद घिमिरेको 'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' कवितामात्र छन्दोबद्ध रहेका छन् भने बाँकी सबै लघु कविताहरू मुक्त लयमा संरचित छन् । यस अध्ययनमा उपर्युल्लिखित चार वटा छन्दोबद्ध कविताहरूमात्र समावेश गरिएका छन् ।

अध्ययनको क्रममा लिइएका चार वटा कविताहरूमध्ये कवि शिरोमणि` लेखनाथ पौड्यालको 'गौँथलीको चिरिबिरी' कविता छन्दको शास्त्रीय सिद्धान्तअनुसार अक्षर सङ्ख्याका आधारमा निर्माण हुने 'वृत्त' भेदअन्तर्गतको 'शिखरिणी' छन्दमा लयबद्ध रहेको छ । लक्ष्मी प्रसाद देवकोटाको 'यात्री' कविता र सिद्धिचरण श्रेष्ठको 'ओखलढुङ्गा' कवितामा मात्राको गणना गरी चरण मिलाइने 'जाति' छन्दको प्रयोग भएको पाइन्छ। माधव घिमिरेको 'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' कवितामा नेपाली लोकजीवनमा

परापूर्व कालदेखि चल्दै आएको र स्थापित भएको झ्याउरे (लोक) छन्दको प्रयोग गरिएको छ । छन्दको शास्त्रीय र लोकोस्थापित सिद्धान्तमा आधारित रहेर उपर्युलिखित चार वटा कविताको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन सम्पन्न गर्न पुस्कालयीय पद्धतिअन्तर्गत रहेर प्राथमिक र द्वितीयक स्रोतबाट सामग्रीहरू सङ्कलन गरिएका छन् । प्राथमिक स्रोतअन्तर्गत कविशिरोमणि लेखनाथ पौड्यालको 'गौँथलीको चिरिबिरी', महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'यात्री', युगकवि सिद्धिचरण श्रेष्ठको 'ओखलढुङ्गा' र राष्ट्रकवि माधवप्रसाद घिमिरेको 'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' कविताहरू उपयोग गरिएका छन् । यसैगरी छन्दको शास्त्रीय विधानमा आधारित रहेर विधिन्न विद्वानहरूमध्येबाट तयार गरिएका छन्दसम्बन्धी लक्षण-ग्रन्थहरू पनि यस अध्ययनको प्राथमिक स्रोतअन्तर्गत उपयोग गरिएका छन् । त्यसैगरी द्वितीयक स्रोतअन्तर्गत नेपाली कवितामा प्रयुक्त छन्दहरू सँग सम्बन्धित रहेर गरिएका पूर्वकार्यहरूलाई उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा सीमाङ्कन गरिएका चार वटा कविताहरूको विश्लेषणका लागि सैद्धान्तिक आधारका रूपमा छन्दको परिचय, तिनका लक्षणहरू र उदाहरणहरूजस्ता आधिकारिक आधारहरूको उपयोग गरिएको छ । यिनै सैद्धान्तिक आधारहरूको उपयोग गरी शोध समस्याहरूको प्राज्ञिक र वस्तुनिष्ठ समाधान गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

'छन्द' शब्दले छाँट काँट, चालचलन र ढङ्गढाँचालाई बुझाउँछ । छन्द मानवजीवनका हरेक गतिविधि तथा कृयाकलापहरूमा प्रतिविम्बित हुन्छ । यो मानवका बोलीचाली, आचार-व्यवहार, रहनसहन, सँस्कृति, लवाइ खवाइ आदि विविध गतिविधिहरूमा झल्किन्छ । साहित्य जनजीवनका हरेक गतिविधि र अवस्थाहरूलाई हरेक कोणबाट अध्ययन गरी विभिन्न ढाँचा र शैलीमा तयार गरिएको शब्दचित्र हो । त्यसैले साहित्यमा पनि साहित्यकारको रूचि, विशेषता एवम् विषयवस्तुको विधा, उपविधा र स्वरूपका आधारमा विभिन्न किसिमको ढङ्गढाँचा, छाँटकाँट र बान्की प्रकट भएकै हुन्छ । साहित्यकारले साहित्य रचना गर्ने क्रममा आयोजना गरेको बान्की नै एक अर्थमा छन्द हो । यस अर्थमा साहित्यका सबै विधा-उपविधाहरूमा कुनै न कुनै प्रकारको छन्द प्रयोग त भएकै हुन्छ । यद्यपि साहित्यको कविता विधामा मात्र

केन्द्रित भएर छन्दको चर्चा परिचर्चा भएको पाइन्छ । नेपाली कविता परम्परामा विशेषतः शास्त्रीय छन्द, लोक छन्द र मुक्त छन्द (लय) को प्रयोग पाइन्छ । यस अध्ययनमा खासगरी शास्त्रीय छन्द र लोक छन्दको शैद्धान्तिक पर्याधारका सम्बन्धमा चर्चा गरिएको छ ।

कविता विधामा छन्द लयसँग सम्बन्धित रहेर अभिव्यक्त भएको पाइन्छ । कतिपय अवस्थामा छन्द र लयलाई एक-अर्काको पर्यायका रूपमा लिइएको पनि पाइन्छ । यद्यपि छन्द वर्ण र मात्राको मिलानका आधारमा गठन हुने विशिष्ट किसिमको वाक्यसँग सम्बन्धित छ भने लय स्वरको आरोह र अवरोहसँग सम्बन्धित हुन्छ । यसरी हेर्दा छन्दमा वर्ण र मात्राको क्रमबद्ध मिलान सहितको लयगत एकरूपताको अपेक्षा गरिएको हुन्छ भने लयमा लय मिलानका निम्ति उच्चारण प्रकृयामा आरोह र अवरोहको अवस्थालाई विशेष ख्याल गरेको पाइन्छ ।

छन्दलाई अर्थ्याउने क्रममा नेपाली वृहत् शब्दकोशमा यति, गति र लय मिलेको वर्ण, मात्रा आदिको गणना अनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित ढाँचा वा रूप, त्यसरी गठन विभिन्न किसिमका विशिष्ट वाक्य, वृत्त (पोखरेल र अन्य, २०४०, पृ. ४४१) भनेको पाइन्छ । त्यसैगरी लयलाई - सङ्गीतमा स्वरको विशेष तीन क्रम (विलम्बित, मध्य र लुप्त) (पोखरेल र अन्य, २०४०, पृ. ११६८) भनी अर्थ्याएको पाइन्छ । सङ्क्षिप्त साहित्यिक शब्दकोशका अनुसार - वर्ण, मात्रा गुण, गति, यति, लय आदिका आधारमा गरिने पद्य रचनाको नियम (एटम २०७४, पृ. ९५) भनेको पाइन्छ । यसैगरी लयलाई विशिष्ट घटना, विम्ब, प्रतीक वा ध्वनिहरूको पुनरावृत्तिबाट उत्पन्न हुने कालगत प्रवाहको ढाँचा (एटम २०७४, पृ. २०४) का रूपमा अर्थ्याएको पाइन्छ । छन्दहरू सङ्गीतका अंश हुन् (आचार्य, २०४७, पृ. १३) । समुचित शब्द चयनको सिर्जनात्मक खेलबाट सिर्जित भावनात्मक रचना कविता हो भने यस खेलको नियमलाई छन्द भनिन्छ (थापा 'जिताली', २०७३, पृ. ११) । छाँटकाँट मिलेको लाई छन्द भनिन्छ, अनि रस, अलङ्कार, भाका, लय आदिको मिलान हो छन्द । साहित्यमा पाइने मिठास हो । छन्दका रचना राम्रा हुन्छन् । छाँटकाँट नमिले 'छन्द न बन्द' को कुरा रहेछ भनिन्छ । आकाशले जस्तै सबैतिर ढाक्नु छन्दको अर्थ हो । लयात्मक भावसञ्चार नै छन्द हो (न्यौपाने, २०६७, पृ. १) । पद्य, छन्द वा लय भन्नु एउटै हो । छन्द भनेको कविताको लय नै हो (नेपाल, २०७४, पृ. ३०) । 'छन्द' शब्दले विषयवस्तुको सिलसिला, नियमको सङ्गति, आनन्दको अनुभूति र स्वरूपगत सौन्दर्यलाई नै अर्थ्याएको हुन्छ (ढुङ्गेल, २०८०, पृ. १४) । छन्द र लयका सम्बन्धमा एकमुष्ट प्रकाश पार्ने क्रममा - लयात्मकतामा विशेष गरी दुई प्रवृत्ति

छन् । एक चार पाउमा पूरा हुने लय अनि दुई पाउमा पूरा हुने प्रवृत्ति । यी दुवै प्रवृत्तिहरू छन्दशास्त्रका मूल आधार हुन् : १. शास्त्रीय छन्द र २. लौकिक छन्द (नेपाल 'यात्री', २०५७, पृ. १६०) । शास्त्रीय छन्द र लयकै सन्दर्भमा अर्को प्रसङ्गमा - शास्त्रीय छन्दको बन्धनमा गुम्फित रागालापहरू आफ्ना षेडस शृङ्गारको पेटिका बोकेर माधवी कुन्जमा अवतरित हुन्छन् ; यसमा अद्वितीय आनन्द मूर्तिमान् रहन्छ । अभिव्यक्ति कौशलको खरी घोटी परीक्षण गर्ने कसी 'लय' हो (नेपाल 'यात्री', २०५७, पृ. १६) ।

उपर्युल्लिखित स्रोतका आधारमा हेर्दा सिद्धान्ततः छन्द र लयका बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ ।

शास्त्रीय छन्दहरू पौरस्त्य साहित्यका उपज हुन् । यिनको सम्बन्ध वेदसँग जोडिएको पाइन्छ । शिक्षा, कल्प, निरूक्त, व्याकरण, छन्द र ज्योतिष वेदका छ अङ्ग मानिन्छन् । यजुर्वेदमा पृथ्वी, अन्तरिक्ष, कृषि, गौ, प्रजापति, परमेष्ठी, बृहती, ककुप, पङ्क्ति, जगती, विराट, गायत्री, त्रिष्टुप्, मा, प्रभा, उष्णिक, अनुष्टुप आदि छन्दहरू उल्लेख भएका पाइन्छन् । यसबाट छन्दको सम्बन्ध वेदसँग रहेको कुरा पुष्टि हुन्छ (ढुङ्गेल, २०८०, पृ. १६) । छन्दको सम्बन्ध वेदसँग जोडिए पनि लौकिक छन्दका प्रणेताका रूपमा आचार्य पिङ्गललाई लिइन्छ । पिङ्गलले प्रतिपादन गरेको छन्दशास्त्रीय सिद्धान्तको ग्रन्थलाई 'पिङ्गलकृत छन्दसूत्र' भनिन्छ । पिङ्गलकृत छन्दशास्त्रीय सिद्धान्तअनुसार पद्य 'जाति' र 'वृत्त' गरी दुई प्रकारका हुन्छन् - अक्षर सङ्ख्याका आधारमा निर्माण भएको छन्दलाई 'वृत्त' भनिन्छ (ढुङ्गेल, २०८०, पृ. ३२) । अक्षरको एकरूपताबाट निर्धारित गण व्यवस्थामा आधारित सबै वार्णिक छन्दहरू यस भेदमा पर्दछन् । मात्राको गणना गरी चरण मिलाइने छन्दलाई 'जाति' भनिन्छ । यसमा ह्रस्व अक्षर जति सबैलाई एक मात्रा र दीर्घ अक्षर जति सबैलाई दुई मात्रा मानेर मात्राको गणना गरिन्छ । मात्राको गणना गरिने हुँदा यसमा अक्षरको एकरूपता हुँदैन । यसलाई 'मात्रिक छन्द' पनि भनिन्छ । सबै मात्रिक छन्दहरू 'जाति' अन्तर्गत पर्दछन् ( ढुङ्गेल, २०८०, पृ. ३२) । जाति वर्गमा समवृत्त, अर्द्धसमवृत्त र विषमवृत्त गरी तीन भेदहरू छन् । साहित्यको कविता विधामा प्रयुक्त छन्दहरूका सम्बन्धमा भनिएको एउटा सन्दर्भ यस्तो भेटिन्छ -

सर्वत्र श्लोकमा पाउ चारै हुन्छन् बुझे अब ।

श्लोकको नाम हो पद्य, वृत्त-जाति द्विभेद छन् ॥ १ ॥

वृत्त अक्षर सङ्ख्याले, मात्राले जाति बन्दछन् ।

श्रीः आदि वृत्तमा जाने आर्या प्रमुख जाति हुन् ॥ २ ॥

वृत्तका पनि छन् भेद जान बन्धो ! यथार्थले ।

सम, अर्धसम, अरू विषम तीन नामले ॥ ३ ॥

पद्य, श्लोक, छन्द, वृत्त, श्लोकैका चार नाम यी ।

गद्य मात्र छ जो भिन्न नबिर्से कहिले पनि ॥ ४ ॥

(आचार्य, २०४७, पृ. १७)

उपर्युल्लिखित श्लोकमा - सबै श्लोकमा चार पाउ हुन्छन् । श्लोकलाई पद्य पनि भनिन्छ । श्लोकका दुई भेद हुन्छन् । वृत्त पहिलो भेद र जाति दोस्रो भेद हो । वृत्तचैँ अक्षरको सङ्ख्याले बनिन्छन् । मात्राको सङ्ख्याले जाति छन्द बनिन्छन् । श्रीः आदि (हरिणी, शिखरिणी जस्ता छन्द) वृत्तमा गनिन्छन् । जाति छन्दचैँ आर्या आदि मात्रा छन्द पर्दछन् । वृत्तमा पर्ने छन्दका पनि तीन भेद छन् । सम १ । अर्धसम २ । विषम ३ । पद्य, श्लोक, छन्द, वृत्त यी चारवटा नाम श्लोककै हुन् । यी चार नाम छन्दमा चलेका छन् । जाति जो मात्रा छन्द छन्, उनको नाम जाति नामबाट नचलेर श्लोकादि नाम नै चलेको हुनाले श्लोक नामले नै सबैले चिन्दछन् । पढ्ने पढाउनेले मात्र जाति पनि एक प्रकारको मात्रा छन्द हो भनेर जान्दछन् (आचार्य, २०४७, पृ. १७) भनिएको छ ।

नेपाली साहित्य विधामा लोक साहित्यको क्षेत्र पनि निकै प्राचीन र फराकिलो छ । नेपाली साहित्य अन्तर्गत लोक साहित्यभित्र गाथा, गीत, सेलो, मागल, चैत, चाँचरी, फाग, कथा, कविता, सिलोक, कर्खा, सवाई आदि जस्ता विविध प्रकृतिका स्वस्फुर्त रचनाहरू मैखिक रूपमै बाँचिरहेका पाइन्छन् । यस्ता श्लोक छन्द (भाका) हरू हाम्रो सभ्यता जत्तिकै पुराना छन् । लोकछन्दहरू नेपाल लोकभित्रका बासिन्दाहरूका सुख-दुःख, हाँसो-खुसीका सुस्केराहरू हुन् । दाउरा-घाँस, मेलापात, ढिकी-जाँतो, लेक-बेँसी, उकाली-ओराली, हिटी-पँधेरी, गोठालो-खेतालो गर्दाका उच्छ्वासहरू नै लोक छन्दका बीज हुन् (ढुङ्गेल, २०८०, पृ. २११) । लोक छन्द (भाका) हरू क्षेत्र, रहनसहन, पेसा व्यावसाय, उत्सव, मेला, जात्रा, चाडपर्व, जाति आदिका आधारमा विविधतायुक्त छन् । नेपाली साहित्यमा ‘लोकछन्द’ भन्ने बित्तिकै महाकवि लक्ष्मी प्रसाद देवकोटाले आफ्नो लोकप्रिय कृति ‘मुनामदन’ खण्डकाव्यमा प्रयोग गरेको छन्द (भाका / झ्याउरे भाका) हरेकको स्मरणमा आइहाल्छ । अरू यस्ता थुप्रै लोकभाकाहरू नेपाली लोक साहित्यभित्र रहेका छन् ।

उपर्युल्लिखित छन्दको सैद्धान्तिक आधार र त्यसभित्र वर्णन् गरिएका जाति, वृत्त र लोक छन्दका लक्षणहरूका आधारहरूको उपयोग गरी निर्धारित विवेच्य विषयवस्तुको विवेचना गरिएको छ ।

## नतिजा र छलफल

### लेखनाथ पौड्याल : 'गौँथलीको चिरिबिरी' कविता

लेखनाथ पौड्याल (वि. सं. १९४१ - २०२२) द्वारा रचित 'गौँथलीको चिरिबिरी' कविता कवि पौड्यालकै कविता सङ्ग्रह 'लालित्य - भाग १' को एकचालिसौँ अनुक्रममा सङ्ग्रहित छ । वि. सं. १९९० को महाभूकम्पले पुऱ्याएको धनजनको क्षति र त्यसबाट सृजित बिपत्तिको पृष्ठभूमिमा आधारित यो कविता वि. सं. १९९० को 'शारदा' पत्रिकामा प्रथम पटक प्रकाशित भएको थियो । गौँथलीको मानवीकरण गरी उसैलाई मुखपात्र बनाएर कवि स्वयम् भित्रको मानवतावादी भावना प्रकट गरिएको यस कवितामा कविले भौतिक सम्पत्ति र शारीरिक सुखको मोह-शैयामा शयन गरेको मानिसलाई ब्युँझाएर उसैप्रति बौद्धिक, स्तरीय र सटिक व्यङ्ग्य गर्दै आध्यात्मिक भावयुक्त दया, प्रेम, मेलमिलाप, सेवा र मानवताको सन्देश दिएका छन् । जम्मा १६ श्लोकको बाह्य संरचना र ढाँचा रहेको यस कवितामा कविले करूण रस, प्रसाद गुण ; उपमा रूपक, अनुप्रास आदिजस्ता शब्दालङ्कार र अर्थालङ्कारहरूको प्रयोग गरेका छन् । अधिकतम रूपमा तत्सम शब्दहरूको प्रयोग गरी दया, माया, करूणा, प्रेम, सहानुभूति र सेवाको पाठ सिकाइएको यस कवितालाई पिङ्गलकृत शास्त्रीय छन्द अन्तर्गत समवृत्त शाखाभित्र पर्ने शिखरिणी छन्दको प्रयोग गरी लयात्मकता सिर्जना गरेको पाइन्छ ।

### शिखरिणी छन्दका लक्षणहरू

छ पुग्दैमा रोकौँ 'यमनसभलागा' शिखरिणी । र सत्रैको माला हरफभर सारा विचरिणी । क्रमशः 'य' गण, 'म' गण, 'न' गण, 'स' गण, 'भ' गण र एउटा लघु (ह्रस्व) र एउटा गुरू (दीर्घ) मिलेर बनेको सत्र अक्षरको छन्दलाई शिखरिणी छन्द भनिन्छ । यसमा सुरूबाट गनेर प्रत्येक छ अक्षरमा विश्राम हुन्छ ( ढुङ्गेल, २०८०, पृ. १५९) । धेरै कवि स्रष्टाहरूले यस छन्दलाई करूण रसको प्रकटीकरण गर्ने सिलसिलामा प्रयोग गरेको पाइन्छ । शिखरिणी छन्दमा प्रयुक्त गण र तिनका सङ्केतहरूलाई यसरी व्यवस्थित गरेको पाइन्छ -

| | | | | | | |
|---|---|---|---|---|---|---|
| य | म | न | स | भ | ल | गु |
| ISS | SSS | III | IIS | SII | I | S |

**'गौँथलीको चिरिबिरी' कवितामा शिखरिणी छन्दको प्रयोग**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तह द्वितीय वर्षको ऐच्छिक नेपाली 'नेपाली कविताकाव्य (नेपा. शि. ४२३) को पाठ्यक्रमको एकाइ - दुईको पहिलो अनुक्रममा समावेश गरिएको लेखनाथ पौड्याल (वि. सं. १९४१ - २०२२) द्वारा रचित 'गौँथलीको चिरिबिरी' शीर्षात्मक कवितामा निहीत एउटा श्लोकलाई दृष्टान्तको रूपमा लिई छन्दशास्त्रीय सिद्धान्तको आधारमा विश्लेषण गर्दा निम्न अनुसारका लक्षणहरू देखिन्छन् :

उदाहरण : कुनै पल्टेका छन् मलिन मुख लाई रूखमनि
कुनै रून्छन् बाटोबिच नमिलि सानू रूख पनि ।
कुनै भोका शोकाकुल मरिरहेछन् नगरमा
हरे ! तिम्रो यस्तो कुन तुजुक यो तुच्छ घरमा ॥ १० ॥

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण सङ्केत : | ISS | SSS | III | IIS | SII | I | S |
| गण : | य | म | न | स | भ | ल | गु |

माथि उदाहरणको रूपमा साभार गरिएको 'गौँथलीको चिरिबिरी' शीर्षात्मक कविताको उक्त श्लोकमा कविले आयोजना गरेको ह्रस्व-दीर्घको व्यवस्थामा केन्द्रित रहेर पिङ्गलकृत छन्दशास्त्रको नियममानुसार गण र गण सङ्केतको विश्लेषण गर्दा शिखरिणी छन्दको लक्षण मिल्न आउँछ । यसकारण यस कवितामा य (ISS), म (SSS), न (III), स (IIS), भ (SII) गण र एउटा लघु (I) र एउटा गुरू (S) वर्ण मिलेर बनेको गति; यति र लय मिलाएर वाचन गर्दा सुरूबाट प्रत्येक छैटौँ अक्षरमा छोटो विश्राम हुने; पद्य शैलीको, वृत्त भेदअन्तर्गतको 'शिखरिणी' छन्दको प्रयोग गरिएको छ ।

**लक्ष्मी प्रसाद देवकोटा : 'यात्री' कविता**

लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६ - २०१६) द्वारा रचित 'यात्री' कविता महाकवि देवकोटाकै 'भिखारी' कविता सङ्ग्रहमा सङ्ग्रहित छ । यो कविता वि.सं. १९९८ सालमा 'शारदा' पत्रिकाको जेष्ठ अङ्कमा प्रथम पटक प्रकाशित भएको थियो । नेपालको राजनीतिक परिवृत्तमा घटेको वि.सं. १९९७ सालको सहिद काण्ड र अन्तर्राष्ट्रिय परिवेशमा विध्वङ्स मच्चाइरहेको दोस्रो विश्वयुद्धको पृष्ठभूमिमा यस कविताको रचना भएको देखिन्छ । महाकवि देवकोटा स्वयम्को आत्मकथाअनुसार- महा शिवरात्रीको अवसरमा एकजना धनाढ्य व्यक्ति उलिन्काठ (तामदान / ओलिन्काठ) मा बोकिएर पशुपतिनाथको दर्शन गर्न गइरहेको दृष्य देखेर यो कविताको स्फुरण भएको सन्दर्भ उल्लेख भएको पाइन्छ ।

प्रस्तुत कवितामा कविले धार्मिक रूढिवादी प्रवृत्ति एवम् अन्धपरम्पराप्रति विद्रोही भाव प्रकट गर्दै मानवतावादको सन्देश प्रवाह गरेका छन् । कर्मवादी जीवनदृष्टि, मानवतावादी आधारभूमि, तत्सम, तद्भव र आगन्तुक शब्दहरूको यथोचित प्रयोग , स्तरीय भाषाशैली, खिरिलो विचारको संयोजन भएको यो कविता निकै बौद्धिक र स्तरीय बनेको छ । तीर्थाटनमा निस्किएको यात्रीलाई आलम्बन बनाई रचना गरिएको शान्त रसयुक्त यस कवितामा वाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । जनका माझमा निर्मित मन्दिरमा होइन; मनका माझमा अवस्थित पवित्र मनमन्दिरमा जगदीश्वर विराजमान हुन्छन् । त्यसैले तीर्थमा होइन, मनमा ईश्वर खोज ! भन्ने यस कविताले मानव समुदायलाई कर्मको बाटो अवलम्बन गर्न सुझाएको छ ।

ईश्वरको दर्शन गर्ने हो भने आफ्नै मनभित्र यात्रा गर साथै तीर्थयात्रा छोडेर मानव सेवाको यात्रा आरम्भ गर भन्ने सन्देश प्रवाह गरिएको यो कविता बिम्ब-प्रतीकात्मक व्यञ्जनाधर्मी र बौद्धिक छ । शान्त रस, प्रसाद गुण, रूपकादि अर्थालङ्कार र शब्दालङ्कारअन्तर्गत अनुप्रास अलङ्कारको प्रयोगले स्तरीय, मननीय, बौद्धिक र लयात्मक एवम् गेयात्मक बनेको जम्मा सात अनुच्छेद श्लोकमा रचित यस कवितामा कविले मात्रिक छन्दअन्तर्गत पहिलो र तेस्रो पाउमा सोह्र-सोह्र मात्रा हुने र दोस्रो र चौथो पाउमा चौध-चौध मात्रा हुने चौबोला छन्दका साथै पहिलो र तेस्रो पाउमा सोह्र-सोह्र मात्रा हुने अनि दोस्रो र चौथो पनउमा बाह्र-बाह्र मात्रा हुने द्विपदी छन्दको मिश्रित प्रयोग गरेका छन् । मात्रिक छन्दका दुई भेदको मिश्रित प्रयोग र अनुप्रासको यथोचित संयोजनका कारण यो कविता लयात्मक, गेयात्मक र श्रुतिमधुर बनेको छ ।

**चौबोला छन्दका लक्षणहरू**

चौबोला छन्द छन्दको अर्धसममात्रिक भेद अन्तर्गत पर्दछ । पहिलो र तेस्रो पाउमा एक खालको अनि दोस्रो र चौथो पाउमा अर्को खालको अक्षर व्यवस्था हुने छन्दलाई अर्धसमवृत्त छन्द भनिन्छ (ढुङ्गेल, २०८०, पृ. ३२) । चौबोला छन्द अर्धसमवृत्त मात्रिक छन्द हो । पहिलो र तेस्रो पाउमा सोह्र मात्रा अनि दोस्रो र चौथो पाउमा चौध मात्रा भएको छन्दलाई 'चौबोला' भनिन्छ (ढुङ्गेल, २०८०, पृ. २०७) । मात्रिक छन्दमा मात्राको गणना गर्दा ह्रस्व मात्रालाई '१' र दीर्घ कमत्रालाई '२' गणना गरिन्छ ।

लक्षण :

मात्रा छ सोह्र पहिलो तेस्रो

२ + २ + १ + २ + १ + १ + १ + २ + २ + २ (१६ मात्रा)

भए चौध दोस्रो चौथो

१ + २ + २ + १ + २ + २ + २ + २ (१४ मात्रा)

'चौबोला' बन्छ छन्द राम्रो

२ + २ + २ + २ + १ + २ + १ + २ + २ (१६ मात्रा)

काम, नाम बन्दो हाम्रो ।

२ + १ + २ + १ + २ + २ + २ + २ (१४ मात्रा)

(ढुङ्गेल, २०८०, पृ. २०७)

**'यात्री' कवितामा चौबोला छन्दको प्रयोग**

'यात्री' महाकवि लक्ष्मीप्रसाद देवकोटा रचित स्वच्छन्दतावादी मानवतावादी कविता हो । यसमा कविले 'मानिस भई ईश्वरको त्यो दिव्य मुहार हँसाऊ ।' भन्दै मानिस आकृतिले मात्र मानिस बन्दैन । मानिस त कर्मले मात्र मानिस बन्छ । मानव सेवाप्रतिको समर्पण भावले नै मानिसलाई सच्चा मानिस बनाउँछ भन्ने भाव प्रकट गरेका छन् । निस्वार्थ मानव सेवाको सन्देश प्रवाह गरिएको यात्री कवितामा कविले चौबोला छन्दको प्रयोग यसरी गरेका छन् -

कुन मन्दिरमा जान्छौ यात्री,

कुन मन्दिरमा जाने हो ?

कुन सामग्री पूजा गर्ने,

साथ कसोरी लाने हो ?

उपर्युल्लिखित कवितांशमा भएको चौबोला छन्दको प्रयोगलाई यसरी विश्लेषण गरिएको छ ।

पहिलो पाउ - कुन मन्दिरमा जान्छौ यात्री,

१ं + १ + २ + १ + १ + २ + २ + २ + २ + २ (१६ मात्रा)

दोस्रो पाउ - कुन मन्दिरमा जाने हो ?

१ं + १ + २ + १ + १ + २ + २ + २ + २ (१४ मात्रा)

तेस्रो पाउ - कुन सामग्री पूजा गर्ने,

१ + १ + २ + २ + २ + २ + २ + २ + २ (१६ मात्रा)

चौथो पाउ - साथ कसोरी लाने हो ?

२ं + १ + १ + २ + २ + २ + २ + २ (१४ मात्रा)

उपर्युल्लिखित कवितांशमा प्रयुक्त चारै पाउमा व्यवस्थित गरिएका मात्राको गणना गरी छन्दको लक्षण विश्लेषण गर्दा पिङ्गलकृत शास्त्रीय छन्दको जाति भेदअन्तर्गत पर्ने अर्धसममात्रिक 'चौबोला' छन्दको प्रयोग भएको देखिन्छ ।

**द्विपदी छन्दका लक्षणहरू**

द्विपदी छन्द पिङ्गलकृत छन्दशास्त्रीय नियमानुसार जातिभेद अन्तर्गत पर्दछ । पहिलो र तेस्रो पाउमा सोह्र मात्रा साथै दोस्रो र चौथो पाउमा बाह्र मात्रा भएको छन्दलाई 'द्विपदी' भनिन्छ । यसमा जोर पाउमा एक खालको र बिजोर पाउमा एक खालको मात्राको आयोजना हुन्छ (ढुङ्गेल, २०८०, पृ. २०८) । यो छन्द जातिभेदभित्रको मात्रिक र मात्रिक भेदभित्रको पनि अर्धसममात्रिक उपभेदअन्तर्गत पर्दछ । यस छन्दमा मात्राको गणना गर्दा ह्रस्वलाई '१' र दीर्घलाई '२' मात्रा मानिन्छ ।

लक्षण :

मात्रा छ सोह्र पहिलो तेस्रो

२ं + २ + १ + २ + १ + १ + १ + २ + २ + २ (१६ मात्रा)

बाह्र छ दोस्रो चौथो

२ं + १ + १ + २ + २ + २ + २ (१२ मात्रा)

जोड गरिन्छन् मात्रा सारा

२ं + १ + १ + २ + २ + २ + २ + २ + २ (१६ मात्रा)

'द्विपदी' कविता बहार ।

१ं + १ + २ + १ + १ + २ + १ + २ + १ (१२ मात्रा)

(ढुङ्गेल, २०८०, पृ. २०८)

**'यात्री' कवितामा द्विपदी छन्दको प्रयोग**

'यात्री' महाकवि लक्ष्मीप्रसाद देवकोटा विचरित धार्मिक रूढिवादको विरोध र मानवतावादी धार्मिक दृष्टिकोण प्रस्तुत गरिएको उत्कृष्ट स्वच्छन्दतावादी - मानवतावादी कविता हो । यस कवितामा कविले मनको सुन्दर सिंहासनमा नै जगदीश्वर विराजमान रहेका हुन्छन् भन्ने धार्मिक मानवतावादी भावलाई 'द्विपदी' छन्दलयमा यसरी प्रस्तुत गरेका छन् -

मनको सुन्दर सिंहासनमा,

जगदीश्वरको राज !

चेतनको यो ज्योति हिरण्मय,

उसको शिरको ताज !

उपर्युल्लिखित कवितांशमा भएको 'द्विपदी' छन्दको प्रयोगलाई यसरी विश्लेषण गरिएको छ -

मनको सुन्दर सिंहासनमा,

१ + १ + २ + २ + १ + १ + २ + २ + १ + १ + २ (१६ मात्रा)

जगदीश्वरको राज !

१ + १ + २ + १ + १ + २ + २ + २ (१२ मात्रा)

चेतनको यो ज्योति हिरण्मय,

२ + १ + १ + २ + २ + २ + १ + १ + २ + १ + १ (१६ मात्रा)

उसको शिरको ताज !

१ + १ + २ + १ + १ + २ + २ + २ (१२ मात्रा)

उपर्युल्लिखित कवितांशमा प्रयुक्त चार ओटै पाउमा व्यवस्थित गरिएका मात्राको पिङ्गलकृत शास्त्रीय छन्दको नियमानुसार गणना गरी लक्षणको विश्लेषण गर्दा जाति वर्गमा पर्ने अर्धसममात्रिक 'द्विपदी' छन्दको प्रयोग भएको देखिन्छ । सारतः 'यात्री' कवितामा पिङ्गलकृत शास्त्रीय छन्दको लक्षण अनुसार 'चौबोला' र 'द्विपदी' छन्दमा लयबद्ध गरी देवकोटेली उदात्त मानवतावादी भाव प्रकट भएको पाइन्छ ।

**सिद्धिचरण श्रेष्ठ : 'ओखलढुङ्गा' कविता**

सिद्धिचरण श्रेष्ठ (वि.सं. १९६९-२०४९) द्वारा रचित 'ओखलढुङ्गा' कविता कवि श्रेष्ठकै 'कोपिला' कविता सङ्ग्रहमा सङ्ग्रहित छ । यो कविता वि. सं. १९९२ को 'शारदा' पत्रिकामा प्रथम पटक प्रकाशित भएको थियो । विवेच्य कवितामा कविहृदयमा कुँदिएको आफ्नो मातृभूमिको सुन्दर चित्रलाई शब्दगुच्छमा प्रस्तुत गरिएको छ। कविको बाल्यकालका मिठा स्मृतिहरूलाई पुनरावर्तन गरिएको यो कविता मातृभूमिप्रति श्रद्धाभाव प्रकट गरिएको उत्कृष्ट स्वच्छन्दतावादी कविता हो । केही मात्रामा सुन्दर र स्निग्ध संस्कृत तत्सम शब्दहरूको यथोचित प्रयोग गरिएको यस कवितामा शब्दालङ्कारअन्तर्गत स्वर र व्यञ्जन वर्णको पुनरावृत्तिबाट सिर्जना हुने अनुप्रास अलङ्कारका - आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास, छेकानुप्रास, वृत्यानुप्रास आदिको कुशल संयोजन भएको पाइन्छ । कवितामा कविले रूपक, उपमा, समासोक्ति, उत्प्रेक्षा आदि अर्थालङ्कारको समेत कुशल संयोजन गरेको देखिन्छ । शान्त रस र प्रसाद गुणले युक्त यस कवितामा

कविले मात्रिक छन्दअन्तर्गत सबै पाउमा समान मात्रा प्रयोग भएको 'पादाकुलक' (स्कन्धक / पज्झटिका) छन्दको प्रयोग गरी लयात्मकता, गेयात्मकता एवम् श्रुतिमाधुर्य सृजना गरेका छन् ।

**पादाकुलक छन्दका लक्षणहरू**

पादाकुलक छन्द पिङ्गलकृत छन्दशास्त्रको शास्त्रीय सिद्धान्तअनुसार जाति भेदअन्तर्गत सममात्रिक छन्दवर्गमा पर्दछ । सममात्रिक छन्दका चारै पाउमा समान मात्राको व्यवस्था रहेको हुन्छ । छन्दशास्त्रको सिद्धान्तअनुसार एक पाउमा सोह्र मात्रा हुने मात्रिक छन्दलाई 'पादाकुलक' (ढुङ्गेल, २०८०, पृ. २०३) भनेको पाइन्छ । पादाकुलक छन्दलाई 'स्कन्धक' वा 'पज्झटिका' छन्द पनि भनिन्छ । ह्रस्व मात्रालाई '१' र दीर्घ मात्रालाई '२' ले सङ्केत गरी मात्राको गणना गरिने यस छन्दको लक्षण यसप्रकार निर्धारण गरिन्छ -

उदाहरण :

मात्रा सोह्र सब हार उस्तै

२ + २ + २ + १ + १ + १ + २ + १ + २ + २ (१६ मात्रा)

सललल बग्ने ताल छ त्यस्तै

१ + १ + १ + १ + २ + २ + २ + १ + १ + २ + २ (१६ मात्रा)

जनको मनको सारा लेख्ने

१ + १ + २ + १ + १ + २ + २ + २ + २ + २ (१६ मात्रा)

'पादाकुलक' छ सवतिर देख्ने ।

२ + २ + १ + १ + १ + १ + १ + १ + १ + १ + २ + २ (१६ मात्रा)

(ढुङ्गेल, २०८०, पृ. २०४)

**'ओखलढुङ्गा' कवितामा पादाकुलक छन्दको प्रयोग**

'ओखलढुङ्गा' युगकवि सिद्धिचरण श्रेष्ठद्वारा रचित मातृभूमिप्रति अगाध आस्थाभाव प्रकट गरिएको स्वच्छन्दतावादी कविता हो । सिङ्गो कविताभरि आफ्नो बाल्यकालका सुखद स्मरणहरूको पुनरावर्तन गर्दै

वियोगका पीडाहरू भक्तिपूर्वक प्रकट गरिएको यस कवितामा लयात्मकता सिर्जन ागर्न कविले पादाकुलक छन्दको प्रयोग यसरी गरेका छन् -

तिम्रै सुन्दर हरियालीमा,

तिम्रै शीतल वक्षस्थलमा,

यो कविको शैशवकाल बित्यो,

हाँस्यो खेल्यो वन कुञ्ज घुम्यो ।

उपर्युल्लिखित कवितांशमा लयात्मकता सिर्जना गर्न प्रयोग गरिएको पादाकुलक छन्दको यसरी विश्लेषण गरिएको छ -

तिम्रै सुन्दर हरियालीमा,

२ + २ + २ + १ + १ + १ + १ + २ + २ + २ (१६ मात्रा)

तिम्रै शीतल वक्षस्थलमा,

२ + २ + २ + १ + १ + २ + २ + १ + १ + २ (१६ मात्रा)

यो कविको शैशवकाल बित्यो,

२ + १ + १ + २ + २ + १ + १ + २ + १ + १ + २ (१६ मात्रा)

हाँस्यो खेल्यो वन कुञ्ज घुम्यो ।

२ + २ + २ + २ + १ + १ + २ + १ + १ + २ (१६ मात्रा)


'ओखलढुङ्गा' कविताको आरम्भ खण्डबाट लिइएको उपर्युल्लिखित कवितांशमा प्रयुक्त चारै पाउमा व्यवस्थित गरिएका मात्राहरूको पिङ्गलकृत छन्दशास्त्रीय सिद्धान्तको मान्यताअनुसार विश्लेषण गर्दा जाति भेदअन्तर्गत पर्ने सममात्रिक पादाकुलक छन्दको प्रयोग भएको देखिन्छ ।

### माधवप्रसाद घिमिरे : 'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' कविता

माधवप्रसाद घिमिरे (वि.सं. १९७६-२०७७) द्वारा रचित 'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' मानवतावादी दृष्टिकोण प्रस्तुत गरिएको गीति कविता हो । स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी शैलीका कुशल साहित्यकार घिमिरेले यस कवितामा भाइचारा र विश्वबन्धुत्वको उत्तम नमुना प्रस्तुत गरेका छन् । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तह द्वितीय वर्षको 'नेपाली कविताकाव्य' (नेपा. शि. ४२३) विषयको एकाइ दुईको पाँचौँ क्रममा समाविष्ट यो कविता झ्याउरे छन्दमा लयबद्ध छ ।

### झ्याउरे छन्दका लक्षणहरू

झ्याउरे विशुद्ध नेपाली पाराको छन्द हो । यो छन्द लोक साहित्य कै एउटा शाखा अन्तर्गत पर्दछ । लोक साहित्य 'बुढा मरे भाषा सरे' भनेझैँ अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा सर्दै आएको मानव-अनुभूतिको सार हो । यसका सम्बन्धमा लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानवमुटुको स्पन्दनबाट निस्केको मिठो आकर्षणमय मौखिक साहित्य नै लोक साहित्य हो (थापा र सुवेदी, २०४१, पृ. ३) भनेको पाइन्छ । त्यसैगरी - सुरुमा वैयक्तिक त्यसपछि सामाजिक अनि श्रुतिपरम्परासँगै प्रवाहित पार्ने मौखिक साहित्य नै लोक साहित्य हो (ढुङ्गेल, २०६१, पृ. ४८) । यसरी लोकको ढुकढुकीमा बाँचेको लोक साहित्य पनि विभिन्न विधा र उपविधाहरूले युक्त छ । लोक साहित्यका ती विधाहरूलाई तल उल्लेख गरिए बमोजिम वर्गीकरण गर्न सकिन्छ -



उपर्युल्लिखित तालिका अनुसार झ्याउरे छन्द / भाका लोक साहित्यको 'लोक गीत' शाखा अन्तर्गत पर्दछ । लोक गीतका झ्याउरे छन्द / भाकाअन्तर्गत छोटो झ्याउरे, मझौला झ्याउरे र लामो झ्याउरे जस्ता विभिन्न भेदहरू पाइन्छन् । नेपाली साहित्यको गीत विधामा 'झ्याउरे छन्द / भाका' भन्नासाथ महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो प्रसिद्ध कृति ('मुनामदन' खण्डकाव्य) मा प्रयोग गरी स्थापित गराएको छन्द / लय / भाकालाई बुझिन्छ । उनले यसलाई तल प्रस्तुत गरिएबमोजिम प्रयोग गरेको पाइन्छ -

क्षेत्रीको छोरो यो पाउ छुन्छ, घिनले छुँदैन;

मनिस ठुलो दिलले हुन्छ, जातले हुँदैन !

(देवकोटा, २०२७, पृ. २६)

माथि प्रस्तुत 'मुनामदन' खण्डकाव्यबाट साभार उद्धृत कवितांशमा ३+२, ३+२ र ३+३ गरी १६ अक्षरको संरचनामा आधारित झ्याउरे भाका / छन्दको प्रयोग गरिएको छ । झ्याउरे छन्दको परिचय दिने क्रममा - दुई हरफको एक श्लोक मानिने र एक हरफमा १६ अक्षर हुने लोकछन्दलाई झ्याउरे भनिन्छ (नेपाल, २०४७, पृ. २५६) । यस आधारमा भन्दा दुई हरफ (पाउ) को एक श्लोक हुने नेपाली जनजिब्रोबाट जन्मिएको र महाकवि लक्ष्मीप्रसाद देवकोटाले उनको सर्वाधिक लोकप्रिय कृति 'मुनामदन' खण्डकाव्यमा प्रयोग गरेपछि स्थापित भएको छन्द / लयलाई बुझिन्छ ।

### 'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' गीति कवितामा झ्याउरे छन्दको प्रयोग

'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा रचित 'वसुधैव कुटुम्वकम्' को सन्देश प्रवाह गरिएको उत्कृष्ट गीति कविता हो । भानुभक्तीय सरलता, देवकोटेली स्वच्छन्दता र लेखनाथीय परिष्कारको त्रिवेणीमा कविता रचना गर्ने मानवतावादी कवि घिमिरेले झ्याउरे छन्दको प्रयोग यसरी गरेका छन् -

यी छाया छवि क्यै छैन भन्न सक्तछु मै पनि,

सुख र दु:ख सञ्चित गर्छु यत्नले तै पनि ।

उपर्युक्त कवितांशमा लयात्मकता सिर्जना गर्न प्रयोग गरिएको झ्याउरे छन्द / लय / भाकालाई यसरी विश्लेषण गरिएको छ -

यी छाया छवि क्यै छैन भन्न सक्तछु मै पनि,

३ + २, ३ + २, ३ + ३ (१६ अक्षर)

सुख र दु:ख सञ्चित गर्छु यत्नले तै पनि ।

३ + २, ३ + २, ३ + ३ (१६ अक्षर)

'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' कविताको आरम्भ खण्डमा प्रयोग भएका दुई पङ्क्ति (एक श्लोक) लाई नेपाली लोक साहित्यको लोक गीत शाखामा पर्ने झ्याउरे छन्द / भाका / लयको स्थापित मान्यताका आधारमा नेपाली लोक जीवनमा प्रचलित मझौला झ्याउरे छन्दको प्रयोग भएको पाइन्छ ।

## निष्कर्ष

'नेपाली कविताकाव्य' (नेपा. शि. ४२३) सैद्धान्तिक प्रकृतिको पाठ्यांश हो । यो पाठ्यांश विद्यार्थीलाई नेपाली कविताकाव्य, गीतगजलसम्बन्धी ज्ञान र सिपको विकास गराउन तयार पारिएको हो । यसभित्र आधुनिक नेपाली साहित्यका फुटकर (लघु) कविता, गीत / गजल, हाइकु, बाल काव्य, खण्डकाव्य / लामो कविता र महाकाव्य, स्रष्टाका प्रमुख प्रवृत्ति र प्रतिनिधि कविताकाव्यको पठन, आस्वादन र विवेचनासम्बन्धी पाठ्यवस्तुहरू समावेश गरिएका छन् । पौरस्त्य र पाश्चात्य दुवै मान्यताका आधारमा कविताकाव्यको सैद्धान्तिक परिचय दिन सक्षम तुल्याउने; नेपाली कविता, खण्डकाव्य / लामो कविता र महाकाव्यको विकासक्रम, प्रमुख मोड तथा मूल प्रवृत्तिहरूको परिचय प्रदान गर्न सक्ने क्षमताको अभिवृद्धि गराउने; निर्धारित कवितात्मक प्रवृत्ति तथा तिनका कविताको विभिन्न कोणले विवेचना गर्न सक्ने क्षमता अभिवृद्धि गराउने; निर्धारित काव्यकारहरूका काव्यात्मक प्रवृत्ति तथा तिनका खण्डकाव्य र महाकाव्यको विभिन्न दृष्टिकोणले विवेचना गर्न सक्ने क्षमताको विकास गराउने तथा पाठ्यक्रममा समावेश गरिएका कविता-काव्य र गीत गजलभित्रका विशिष्ट पङ्तिहरूको व्यख्या-विश्लेषण गर्न सक्षम तुल्याउने जस्ता साधारण उद्देश्यहरू निर्धारण गरिएको यस पाठ्यक्रममा जम्मा तेह्र ओटा एकाइहरू रहेका छन् ।

पहिलो एकाइमा कविता सिद्धान्त र नेपाली कविताको विकासक्रम, एकाइ दुईमा सात ओटा फुटकर कविता; तेस्रो एकाइमा एउटा हाइकु सहित पन्ध्र ओटा कविता; चौथो एकाइमा नेपाली गीत गजलको सैद्धान्तिक स्वरूपसहित तीन ओटा गजल; पाँचौ एकाइमा बालकविताको सैद्धान्तिक स्वरूप र विकासक्रमसहित तीन ओटा बालकविता; छैटौँ एकाइमा खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य / लामो कविताको सैद्धान्तिक स्वरूप; सातौँ एकाइमा लेखनाथ पौड्यालको 'ऋतुविचार' खण्डकाव्यको अध्ययन; आठौँ एकाइमा लक्ष्मीप्रसाद देवकोटाको 'कुञ्जिनी' खण्डकाव्यको अध्ययन; नवौँ एकाइमा माधवप्रसाद घिमिरेको 'राजेश्वरी' खण्डकाव्यको अध्ययन; दशौँ एकाइमा मोहन कोइरालाको 'सिमसारका राजदूत' लामो कविताको अध्ययन; एघारौँ एकाइमा महाकाव्यको सैद्धन्तिक स्वरूपसहित महाकाव्यका पौरस्त्य र पाश्चात्य मान्यताहरू; बाह्रौँ एकाइमा लक्ष्मीप्रसाद देवकोटाको 'सुलोचना' महाकाव्यको अध्ययन र तेह्रौँ एकाइमा मोदनाथ प्रश्रितको 'मानव' महाकाव्यको अध्ययन जस्ता पाठ्यवस्तुहरू समावेश गरिएका छन् । तेह्र एकाइको संरचनात्मक स्वरूपको यस पाठ्यक्रमको एकाइ दुईमा समाविष्ट सात ओटा कवितामध्ये लेखनाथ पौड्यालको 'गौँथलीको चिरिबिरी', लक्ष्मीप्रसाद देवकोटाको 'यात्री', सिद्धिचरण श्रेष्ठको 'ओखलढुङ्गा' र माधवप्रसाद घिमिरेको 'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' कविता मात्र छन्दोबद्ध रहेका छन् भने बाँकी सबै फुटकर कविताहरू मुक्त लयमा लयबद्ध छन् ।

यस अनुसन्धानको मुख्य खोज (नेपा. शि. ४२३) विषयमा समावेश गरिएका कवितामा छन्द प्रयोग हो । यसले अन्य अनुसन्धाता र यो विषय अध्ययन अध्यापन गर्ने विद्यार्थीहरूका लागि यसले महत्वपूर्ण सहयोग पुऱ्याउने विश्वास लिइएको छ । नेपाली कविताकाव्यको विकासक्रममा छन्दोबद्ध कविताको निकै पुरानो (आदिकवि भानुभक्त आचार्यको उदयभन्दा अगाडिदेखिको) र लामो ऐतिहासिक परम्परा रही आएको छ । छन्द कविताको लामो र प्राचीन परम्परा रहँदा रहँदै पनि यस अध्ययनसँग सम्बद्ध पाठ्यक्रममा चार ओटा मात्र छन्दोबद्ध कविता समावेश गरिनु ज्यादै न्यून रहेको देखिन्छ ।

पाठ्यक्रममा समावेश गरिएका एउटा हाइकुसहितका जम्मा बाइस ओटा फुटकर कवितामा आधारित रहेर प्रतिशतमा गणना गर्दा जम्मा १८.८ प्रतिशत कविता छन्दोबद्ध र ८१.२ प्रतिशत छन्दमुक्त कविताहरू समावेश गरिएका देखिन्छन् । यिनमा लेखनाथ पौड्यालको 'गौँथलीको चिरिबिरी' कवितामा अक्षर सङ्ख्याका आधारमा निर्माण भएको 'वृत्त' भेद अन्तर्गत पर्ने एउटामात्र 'शिखरिणी' नामक शास्त्रीय

छन्दको प्रयोग भएको देखिन्छ । लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' कवितामा मात्राको गणना गरेर निर्माण गरिने जाति भेदअन्तर्गत पर्ने 'चौबोला' र 'द्विपदी' नामक अर्धसममात्रिक छन्दको प्रयोग रहेको छ ।

सिद्धिचरण श्रेष्ठको 'ओखलढुङ्गा' कविता जाति भेदअन्तर्गत पर्ने 'पादाकुलक' नामक सममात्रिक छन्दमा लयबद्ध रहेको छ भने माधवप्रसाद घिमिरेको 'मानिसजस्तो अमर मैले देखिन क्यै पनि' कवितामा नेपाली जनजिब्रोबाट जन्मिएर महाकवि देवकोटाको 'मुनामदन' खण्डकाव्यमा प्रयोग भएपछि स्थापित झ्याउरे (चर्चित नेपाली लोक लय) छन्दमा लयबद्ध रहेको छ । 'नेपाली कविताकाव्य' को १०० पूर्णाङ्कको पाठ्यक्रममा ज्यादै न्यून सङ्ख्यामा छन्दोबद्ध कविताहरू समावेश गरिएको प्रसङ्गलाई हेर्दा पाठ्यक्रम निर्माणको सिलसिलामा नेपाली कविताको विकासक्रममा छन्दोबद्ध कविताको इतिहास र स्थानप्रति ध्यान नपुगेको प्रतीत हुन्छ । यस अनुसन्धानले सम्बन्धित विषयको पाठ्यक्रममा समाविष्ट छन्दोबद्ध कविताहरूको मात्र अध्ययन गरेको छ । सीमित क्षेत्रभित्र रहेर अध्ययन गरिएको हुँदा यो अनुसन्धान आफैँमा पूर्ण छैन । पाठ्यक्रममा अन्तर्निहित सम्पूर्ण अवयवहरूमा आधारित रहेर अनुसन्धान गर्न आवश्यक छ ।

## सन्दर्भ सामग्री सूची

आचार्य, लक्ष्मीप्रसाद (२०४७). *छन्द सागर सोपान.* कृष्णहरि शर्मा ढुङ्गाना ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

ढुङ्गेल, वासुदेव (२०८०). *छन्द मञ्जरी.* भुँडी पुराण प्रकाशन ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१). *नेपाली साहित्यको विवेचना.* पाठ्यक्रम विकास केन्द्र, त्रि. वि. ।

थापा 'जिताली', बमबहादुर (२०७३). *छन्दको छहारी.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

देवकोटा, लक्ष्मीप्रसाद (२०२७). *मुनामदन.* साझा प्रकाशन ।

नेपाल, देवी (२०६२). *छन्द-पराग.* ऐरावती प्रकाशन प्रा. लि. ।

नेपाल 'यात्री', पूर्णप्रकाश (२०५७). *सिजापतिवाला महाकाव्य.* हिमाली सौगात प्रकाशन ।

न्यौपाने, चन्द्रप्रसाद (२०६७). *छन्दकुञ्ज.* काष्ठमण्डप पुस्तक घर ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०). *नेपाली बृहत् शब्दकोश.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, लेखनाथ (२०६७). *लालित्य - भाग एक.* साझा प्रकाशन ।

**पाठ्यक्रम :** त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक द्वितीय वर्षको ऐच्छिक नेपाली 'नेपाली कविताकाव्य' (नेपा. शि. ४२३) बिषयको पाठ्यक्रम. त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र ।

**शोधपत्र :** ढुङ्गेल, वासुदेव (२०६१). *धनकुटा जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन.* (अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय). त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल ।